# स्थानीय तहसँगको सहकार्यमा सडक बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा श्रमिक बालबालिकाको लागि अस्थायी सिकाई केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५


सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश,

पोखरा, नेपाल ।

**स्थानीय तहसँगको सहकार्यमा सडक बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा श्रमिक बालबालिकाको लागि अस्थायी सिकाइ केन्द्र स्थापना तथा संचालन सम्बन्धी कार्यविधि, २०७५**

प्रस्तावना:

विद्यालय उमेर समूहका विद्यालय वाहिर रहेका सडक बालबालिका तथा श्रमिक बालबालिकाहरुको पहिचान गरी शिक्षाको पहुँच बढाउने सम्बन्धी प्रदेश सरकारबाट स्वीकृत भई संचालन हुने कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रदेश सरकार (मन्त्रिपरिषद्)बाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

परिच्छेद १

**प्रारम्भिक**

1. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम स्थानीय तहसँगको सहकार्यमा सडक बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा श्रमिक बालबालिकाको लागि अस्थायी सिकाइ केन्द्र स्थापना संचालन कार्यविधि, २०७५ रहेको छ।

   (२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

2. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

   (क) ‘‘ऐन” भन्नाले बालबालिका ऐन, २०७५ सम्झनु पर्छ ।

   (ख) "मार्गदर्शन" भन्नाले सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ सम्झनुपर्छ ।

   (ग) “मन्त्रालय” भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ ।

   (घ) "सचिव" भन्नाले सामाजिक विकास मन्त्रालयको सचिव सम्झनुपर्छ ।

   (ङ) "महाशाखा प्रमुख" भन्नाले सामाजिक विकास महाशाखा प्रमुख सम्झनुपर्छ ।

   (च) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका तथा जिल्ला सभालाई सम्झनुपर्छ ।

   (छ) ‘‘सडक बालबालिका’’ भन्नाले सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन २०७२, अनुसार चौबीसै घण्टा वा रातभर वा दिनभर वा दिनरातको केही समय जीवन निर्वाहका लागि सडकमा आश्रित अनुसूची १ मा उल्लेख भए वमोजिमका बालबालिका सम्झनु पर्छ ।

   (ज)"श्रमिक बालबालिका" भन्नाले पारिश्रमिक लिई वा नलिई कुनै कलकारखाना, खानी, कम्पनी, संस्था, संगठन वा यस्तै प्रकृतिको अन्य कुनै निकायको काममा संलग्न भएको र

शिक्षाको अवसरबाट वञ्चित रहेको १८ वर्ष उमेर पूरा नभएको कुनै पनि बालबालिकालाई सम्झनुपर्छ ।

(झ) "समिति" भन्नाले यसै कार्यविधिको दफा ६ बमोजिमको समितिलाई सम्झनुपर्छ ।

(ञ) "पुनर्स्थापना केन्द्र" भन्नाले परिवारबाट विस्थापित भई वा अन्य कुनै कारणबाट सडकमा आएका तथा अन्य जोखिमबाट प्रभावित सडक बालबालिकाहरुका लागि तत्काल संरक्षण गरी आफ्नो पारिवार वा समुदायमा पुनर्मिलन वा पुनर्स्थापना नहुन्जेल शिक्षा, स्वास्थ्य, मनोरञ्जन समेतका एकीकृत सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना गरिएको आवासीय आश्रय स्थललाई सम्झनुपर्छ ।

(ट) "अस्थायी सिकाई केन्द्र" भन्नाले श्रमिक बालबालिकालाई शिक्षा, स्वास्थ्य, मनोरञ्जन सहितको एकिकृत सेवा उपलब्ध गराउने उद्देश्यले सञ्चालित अस्थायी प्रकृतिको केन्द्रलाई सम्झनुपर्छ ।

(ठ) "स्थानीय तहसँगको सहकार्य" भन्नाले पुनर्स्थापना केन्द्र वा अस्थायी सिकाई केन्द्र स्थापना र सञ्चालनका लागि आवश्यक पर्ने नगद वा जिन्सी वा जग्गा वा भवन वा जनशक्ति वा अन्य स्थानीय स्रोत साधन वा यी मध्ये कुनै वा सवै स्रोत साधनको व्यवस्थाको लागि मन्त्रालय र स्थानीय तहले निश्चित हिस्सा बहन गर्ने गरी गरिने स्थानीय तहसँगको सहकार्यलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## अनुदान दिने आधार तथा छनौट प्रक्रिया

3. **विनियोजित रकमको वाँडफाँडः** (१) चालु आर्थिक वर्षको हकमा सामाजिक विकास मन्त्रालयको **स्थानीय तहसँगको सहकार्यमा सडक बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा श्रमिक बालबालिकाको लागि अस्थायी सिकाइ केन्द्र स्थापना तथा संचालनको** लागि विनियोजन भएको रकमलाई मन्त्रालयले अनुदान दिने प्रयोजनका लागि देहायवमोजिम वाँडफाँड गर्नुपर्नेछः

(क) सडक बालबालिकाको लागि पुनर्स्थापना केन्द्र स्थापना तथा संचालन तर्फः ७० प्रतिशत

(ख) श्रमिक बालबालिकाको लागि अस्थायी सिकाई केन्द्र स्थापना तथा संचालन तर्फः ३० प्रतिशत

4. **प्रस्ताव आव्हान गर्नेः** (१) मन्त्रालयले वार्षिक विकास कार्यक्रम बमोजिम स्थानीय तहसँगको सहकार्यमा पुनर्स्थापना केन्द्र र अस्थायी सिकाई केन्द्र स्थापना तथा संचालन गर्न अनुदान दिँदा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशन गर्दा अनुसूची २ को ढाँचामा प्रकाशन गर्नुपर्नेछ ।

(३) उपदफा (२) वमोजिमको सूचना राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुका साथै मन्त्रालयको वेबसाइटमा समेत राख्नुपर्नेछ ।

5. **प्रस्ताव पेश गर्नेः** दफा ३ बमोजिम सूचना प्रकाशन भएपछि स्थानीय तहले अनुसूची ३ वमोजिमको ढाँचामा तोकिएको अवधिभित्र मन्त्रालय समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

6. **प्रस्ताव मल्याङ्कनका आधारहरुः** (१) प्रस्ताव मूल्याङ्कन गरी छनौट गर्न देहायका आधारहरु अवलम्बन गरिनेछः

(क) अस्थायी सिकाई केन्द्रको हकमा श्रमिक बालबालिका र पुनर्स्थापना केन्द्रको हकमा प्रभावित बालबालिकालाई सेवा पुग्ने संख्या वढी भएको,

(ख) लागत साझेदारी गर्न स्थानीय तहले प्रतिवद्धता व्यक्त गरेको हिस्सा अधिक भएको,

(ग) पुनर्स्थापना केन्द्र वा अस्थायी सिकाई केन्द्रले सेवा दिन सक्ने क्षेत्र अधिक भएको,

(घ) पुनर्स्थापना केन्द्र वा अस्थायी सिकाई केन्द्र स्थापना वा संचालनको लागि जग्गा/भवन आदि पूर्वाधारको उपलब्धता अधिक भएको,

(ङ) पुनर्स्थापना केन्द्र वा अस्थायी सिकाई केन्द्र स्थापना वा संचालनको लागि चालु आर्थिक वर्षमा अन्य कुनै श्रोतबाट अनुदान प्राप्त भएको वा हुने सुनिश्चितता देखिएको ।

(२) प्रस्ताव मूल्याङ्कनको लागि उपदफा (१) मा उल्लेखित आधारहरुलाई अनुसूची ४ को खण्ड (क) र (ख) बमोजिम अङ्क विभाजन गर्नुपर्नेछ ।

(३) प्रस्ताव छनौट समितिले अनुसूची ४ वमोजिम विभाजन भएको अङ्कभारलाई प्रस्ताव मूल्याङ्कनको कार्य प्रारम्भ गर्नु अगावै निश्चित आधारहरु वनाई थप खण्डीकृत गरी प्रस्ताव मूल्याङ्कनमा उपयोग गर्न सक्नेछ ।

**७. प्रस्ताव छनौट गर्नेः (१) मन्त्रालयमा प्राप्त हुन आएका प्रस्तावहरुको छनौट गर्न देहायबमोजिमको छनौट समिति रहनेछ ।**

(क) सामाजिक विकास महाशाखा, प्रमुख -संयोजक

(ख) मन्त्रालयको योजना तथा प्रशासन महाशाखाको अधिकृत -सदस्य

(ग) आर्थिक योजना तथा मामिला मन्त्रालयको अधिकृत प्रतिनिधि -सदस्य

(घ) महिला विकास अधिकृत (सम्बन्धित शाखा) -सदस्य सचिव

(२) उपदफा (१) वमोजिम गठन भएको प्रस्ताव छनौट समितिको काम देहाय वमोजिम हुनेछः-

(क) दर्ता भएका सम्बन्धित सवै प्रस्तावहरु चेकजाँच गर्ने र ठीक दुरुस्त रहे नरहेको हेरी विवरण तयार गर्ने,

(ख) प्रस्ताव मूल्याङ्कनको कार्य प्रारम्भ गर्नु अगावै दफा ६ को उपदफा (३) वमोजिम अङ्कभारलाई थप खण्डीकृत गर्ने,

(ग) प्रस्ताव दर्ता गर्ने अन्तिम म्यादको ५ दिनभित्र प्रस्ताव मूल्याङ्कन तथा छनौटको कार्य सम्पन्न गरी स्वीकृतीको लागि पेश गर्ने ।

**८. प्रस्तावको स्वीकृती तथा सम्झौताः (१) मन्त्रालयले दफा (३) को उपदफा (१) बमोजिम पेश हुन आएका प्रस्तावहरुलाई प्रस्ताव पेश गर्ने म्याद समाप्त भएको मितिले ७ दिनभित्र स्वीकृत गरी सम्बन्धित स्थानीय तहलाई सम्झौताको लागि अवधि तोकी पत्राचार गरिनेछ ।**

(२) उपदफा (१) वमोजिम स्वीकृत भएका प्रस्ताव सम्बन्धी विवरण मन्त्रालयको वेवसाइट तथा सूचना पाटी मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

(३) उपदफा (१) वमोजिम पत्राचार गर्दा सम्झौता गर्न आउने अवधि १५ दिन भन्दा बढी राखिने छैन ।

(४) मन्त्रालयले यस कार्यविधि वमोजिम स्थानीय तहलाई अनुदान दिँदा अनुसूची- ५ को ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(५) सम्झौता वमोजिम स्थानीय तहलाई प्रदान गरिने अनुदान मध्ये ५० (पचास) प्रतिशत रकम पहिलो किस्तामा र वाँकी रकम कार्यप्रगतिको आधारमा उपलब्ध गराइनेछ ।

(६) केन्द्र संचालन भएपछि सम्बन्धित स्थानीय तहले सोको जानकारी मन्त्रालयलाई दिनुपर्नेछ ।

**९. पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालनः (१) यस कार्यविधि वमोजिम अनुदान प्राप्त गर्ने स्थानीय तहले गण्डकी प्रदेश अन्तर्गत सडकमा रहने जोसुकै बालबालिकालाई पुनर्स्थापना केन्द्रमा राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।**

(२) यस कार्यविधि वमोजिम अनुदान प्राप्त गर्ने स्थानीय तहले पुनर्स्थापना केन्द्र स्थापनाको लागि प्राप्त गरेको अनुदान रकम देहायको प्राथमिकताको आधारमा खर्च गर्नुपर्नेछः

(क) पूर्वाधार निर्माण/सुधार

(ख) मनोसामाजिक परामर्शकर्ता, हेरचाहकर्ता तथा सहयोगीको लागि सेवा सुविधा,

(ग) अध्ययन तथा खेलकुद सामग्री,

(घ) खाना, खाजा,

(ङ) प्राथमिक उपचार कक्ष तथा उपचार सामग्री,

(च) केन्द्र संचालन सम्बन्धी अन्य अत्यावश्यकीय सामग्री

(३) उपदफा (१) बमोजिम पुनर्स्थापना केन्द्रमा बसेका बालबालिकाहरुलाई सम्बन्धित केन्द्रले शैक्षिक, सामाजिक, मनोरञ्जनात्मक, रचनात्मक लगायतका क्रियाकलापमा सरिक गराई पारिवारीक वातावरणमा वस्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**१०. पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी मापदण्डः (१) पुनर्स्थापना केन्द्रमा सामान्यतया देहाय बमोजिमका बालमैत्री पूर्वाधार तथा सुविधाहरुको व्यवस्था भएको हुनुपर्नेछः**

(क) आवास गृहको व्यवस्था,

(ख) व्यायामशाला, खेलकुद क्षेत्र वा कुनै पनि प्रकारको मनोरञ्जन स्थल,

(ग) बालमैत्री शौचालय,

(घ) पुस्तकालय,

(ङ) प्राथमिक उपचार केन्द्र,

(च) भोजन कक्षको व्यवस्था,

(छ) अध्ययन कक्ष तथा टि.भी. कक्षको व्यवस्था,

(ज) स्वस्थ पिउने पानीको व्यवस्था,

(झ) सिकाई तथा मनोसामाजिक परामर्शकर्ताको समेत व्यवस्था

(२) पुनर्स्थापना केन्द्रले त्यस्तो केन्द्रमा रहेका बालबालिकाको अवस्थामा सुधार भएमा सम्बन्धित परिवार वा निजको नजिकको संरक्षक समक्ष जिम्मा लगाई पुनर्स्थापन तथा पुनर्मिलन गर्नुपर्नेछ ।

**११. अस्थायी सिकाई केन्द्रको स्थापना र सञ्चालनः (१) यस कार्यविधि वमोजिम अनुदान प्राप्त गर्ने स्थानीय तहले गण्डकी प्रदेश अन्तर्गत श्रममा संलग्न रहने जोसुकै बालबालिकालाई अस्थायी सिकाई केन्द्रमा राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।**

(२) यस कार्यविधि वमोजिम अनुदान प्राप्त गर्ने स्थानीय तहले अस्थायी सिकाई केन्द्र स्थापनाको लागि प्राप्त गरेको अनुदान रकम देहायको प्राथमिकताको आधारमा खर्च गर्नुपर्नेछः

(क) सिकाई तथा मनोसामाजिक परामर्शकर्ताको लागि सेवा सुविधा,

(ख) सरकारी तवरबाट निःशुल्क उपलब्ध हुने वाहेकका पाठ्य तथा खेलकुद सामग्री,

(ग) खाजा,

(घ) केन्द्र संचालन सम्बन्धी अन्य अत्यावश्यकीय सामग्री

(३) उपदफा (१) बमोजिमको अस्थायी सिकाई केन्द्रमा बसेका बालबालिकाहरुलाई सम्बन्धित केन्द्रले शैक्षिक, सामाजिक, मनोरञ्जनात्मक, रचनात्मक लगायतका क्रियाकलापमा सरिक गराई पारिवारीक वातावरणमा सिकाई व्यवस्था मिलाउनु पर्नेछ ।

**१२. अस्थायी सिकाई केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी मापदण्डः (१) सिकाई केन्द्रमा अन्य सुविधाका अतिरिक्त सामान्यतया देहाय बमोजिमका सुविधाहरुको व्यवस्था भएको हुनुपर्नेछः**

(क) सिकाई कक्ष, खेलकुद क्षेत्र वा कुनै पनि प्रकारको मनोरञ्जन स्थल

(ख) पाठ्यपुस्तक तथा शैक्षिक सामाग्री

(ग) शौचालय

(घ) खाजा तथा स्वस्थ पिउने पानीको व्यवस्था

(ङ) सिकाई तथा मनोसामाजिक परामर्शकर्ताको व्यवस्था

**१३. अनुगमनः (१) यस कार्यविधि वमोजिम अनुदान प्राप्त गरी संचालन हुने वा रहेका केन्द्रको अनुगमन मन्त्रालयले गर्न सक्नेछ ।**

(२) स्थानीय तहले उपदफा (१) वमोजिमका केन्द्रहरुको आवधिक अनुगमन गरी अनुसूची ६ वमोजिमको ढाँचामा सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

**१४. लेखापरीक्षण तथा सामाजिक परीक्षणः** (१) यस कार्यविधि वमोजिम स्थानीय तहले प्राप्त गरेको अनुदान रकमको खर्चको लेखा राख्ने र लेखा परीक्षण प्रचलित कानून वमोजिम गर्ने गराउने र सोको विवरण तथा प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

(२) सम्बन्धित स्थानीय तहले केन्द्र संचालन तथा अनुदान रकमसँग सम्बन्धित कार्यक्रमको वार्षिक रुपमा सामाजिक परीक्षण गराई सोको प्रतिवेदन मन्त्रालयलाई समेत दिनुपर्नेछ ।

**१५. समन्वय तथा मार्गदर्शनः** (१) यस कार्यविधि वमोजिम अनुदान प्राप्त गरी संचालनमा रहेका पुनर्स्थापना केन्द्र तथा अस्थायी सिकाई केन्द्रको व्यवस्थित र प्रभावकारी संचालनका लागि मन्त्रालयले समय समयमा सम्बन्धित स्थानीय तहलाई आवश्यक समन्वय तथा मार्गदर्शन गर्न सक्नेछ ।

**१६. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१७. संशोधन एवं हेरफेरः** मन्त्रालयले यस कार्यविधिमा संशोधन एवं हेरफेर गर्न आवश्यक ठानेमा प्रस्ताव तयार पारी स्वीकृतिका लागि सिफारिस गर्न सक्नेछ ।

अनुसूची- १

(दफा २ को खण्ड (छ) सँग सम्बन्धित)

**सडक बालबालिका**

१. अभिभावक वा परिवारविहीन भई बाध्य भएर सडकमा रहेका,

२. परिवारसँग लामो समयदेखि सम्पर्कमा नरही पूर्णरुपमा सडकमा रहेका,

३. परिवारसँग समय समयमा सम्पर्कमा रही सडकमा रहेका,

४. परिवारसगै सडकमा रहेका,

५. विपद्, द्वन्द्व लगायतका कारण बासस्थान छाडी वा हराएर वा बेवारिस भएर सडकमा नै जीवन निर्वाह गर्न बाध्य भएका,

६. विभिन्न कारणले परिवारबाट परित्यक्त भई सडकमा अलपत्र छाडिएका,

७. विशेष परिस्थिति (पारिवारीक विखण्डन समेत) को कारण एक्लै वा साथीसंग सडकमा आश्रय लिएका बालबालिका ।

# अनुसूची -२

(दफा ३ (२) सँग सम्बन्धित)

## सूचनाको ढाँचा

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश

पोखरा नेपाल ।

स्थानीय तहसँगको सहकार्यमा सडक बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा श्रमिक बालबालिकाको लागि अस्थायी सिकाई केन्द्र स्थापना तथा सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति- २०/..../...

यस मन्त्रालयको आ.व. ... ... ...को वार्षिक विकास कार्यक्रम तर्फ सडक बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा श्रमिक बालबालिकाको लागि अस्थायी सिकाई केन्द्र स्थापना तथा सञ्चालनको लागि स्थानीय तहसँगको लागत साझेदारी रहने गरी अनुदान दिने कार्यक्रम रहेको हुँदा सो वमोजिम गर्न इच्छुक गण्डकी प्रदेश भित्रका स्थानीय तहले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र **स्थानीय तहसँगको सहकार्यमा सडक बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा श्रमिक बालबालिकाको लागि अस्थायी सिकाई केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०७५** को अनुसूची ३ बमोजिमको ढाँचामा देहाय अनुसारका कागजातहरु संलग्न गरी कार्यक्रम प्रस्ताव यस मन्त्रालयमा पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(१) पुनर्स्थापना केन्द्र सम्बन्धी प्रस्तावको लागि आवश्यक कागजातहरु

- (क) रीतपूर्वक भरिएको कार्यक्रम प्रस्ताव,
- (ख) लागत अनुमान र लागत साझेदारी सम्बन्धी स्थानीय तहबाट गरिएको निर्णय
- (ग) कार्यक्रम संचालनको कार्ययोजना
- (घ) केन्द्र सञ्चालनको लागि जनशक्ति व्यवस्थापन तथा कार्यसञ्चालन पद्धति
- (ङ) केन्द्र सञ्चालनमा रहेको भए सो सम्बन्धी विवरण
- (च) अन्य आवश्यक कागजातहरु

(२) अस्थायी सिकाई केन्द्र सम्बन्धी प्रस्तावको लागि आवश्यक कागजातहरु

- (क) रीतपूर्वक भरिएको कार्यक्रम प्रस्ताव,
- (ख) लागत अनुमान र लागत साझेदारी सम्बन्धी स्थानीय तहबाट गरिएको निर्णय
- (ग) कार्यक्रम संचालनको कार्ययोजना
- (घ) केन्द्र सञ्चालनको लागि जनशक्ति व्यवस्थापन तथा कार्यसञ्चालन पद्धति

(ङ) केन्द्र सञ्चालनमा रहेको भए सो सम्बन्धी विवरण

(च) अन्य आवश्यक कागजातहर

## अनुसूची -३

(दफा ४ सँग सम्बन्धित)

### अनुदान प्राप्तिको लागि मन्त्रालय समक्ष पेश गर्ने कार्यक्रम प्रस्तावको ढाँचा

**सडक बालबालिकाको लागि पुनर्स्थापना केन्द्र / श्रमिक बालबालिकाको अस्थायी सिकाइ केन्द्र**

1. स्थानीय तह सम्बन्धी विवरणः

(क) स्थानीय तहको नामः

(ख) ठेगानाः...............................=जिल्ला......................

2. कार्यक्रमको संक्षिप्त विवरण

(क) कार्यक्रमको नामः

(ख) आवश्यक पर्ने रकम रु. ..................... (अक्षरमा...............................)

(ग) स्थानीय तहको योगदान रु . ..................... (अक्षरमा.................................)

(घ) मन्त्रालयबाट प्राप्त रु . ..................... (अक्षरमा.................................)

(ङ) अन्य स्रोत रु . ..................... (अक्षरमा...............................)

(च) कार्यक्रम सम्पन्न हुन लाग्ने अवधिः.........................................

(छ) केन्द्र स्थापना तथा संचालन हुने स्थानः.....................................

3. कार्यक्रमको प्रस्ताव तयार गर्दा समावेश हुनु पर्ने मुख्य विवरणहरुः

(क) कार्यक्रमको पृष्ठभूमीः ...........................................................................

..........................................................................................................

(ख) कार्यक्रमको उद्धेश्यः ................................................................................

...........................................................................................................

...........................................................................................................

(ग) कार्यक्रमको औचित्यः ..........................................................................................

.........................................................................................................................

(घ) सेवा प्रदान गर्न सकिने बालबालिकाको विवरणः=

| सि नं | सेवा दिन सकिने बालबालिकाको संख्या | | | कैफियत |
|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | |
| | | | | |

(ङ) पुनर्स्थापना केन्द्र/अस्थायी सिकाई केन्द्र संचालनको लागि हाल उपलब्ध रहेको भौतिक पूर्वाधार अवस्था (भवन, जग्गा, टहरा इत्यादि) को अवस्था.................... ............... ........................... .......................... ........................... ...................................... .................

(च) पुनर्स्थापना केन्द्र/अस्थायी सिकाई केन्द्र संचालनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार अवस्था (भवन, जग्गा, टहरा इत्यादि) को अवस्था ........................... ........................... ........................... ........................... ........................... ........................... ........................... ........................... ........................... ..........................

(छ) पुनर्स्थापना केन्द्र /अस्थायी सिकाई केन्द्र स्थापना तथा संचालनका लागि खर्च गरिने क्षेत्रहरुः ........................... ........................... ........................... ........................... ........................... ........................... ..........................

(ज) पुनर्स्थापना/अस्थायी सिकाई केन्द्रबाट सेवा प्रदान गर्न लागत सहितको विस्तृत विवरण

..........................................................................................................................

.................. ...................................... .............................. ......................................

........................................ ...........................................

..................................................................

(झ) आशातीत उपलब्धिः .......................................................................

..............................................................................................................................

............................................................................................................................................

...................................................................................................................

(ञ) बैंक खाता नं=................................

(ट) प्रस्ताव पेश गर्ने स्थानीय तहको तर्फबाट

नामः हस्ताक्षरः

पदः मितिः

कार्यालयको छापः

## अनुसूची -४

**(दफा ५ सम्बन्धित)**

**खण्ड (क)**

स्थानीय तहसँगको सहकार्यमा सडक बालबालिकाको लागि पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालनका लागि प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र.सं | सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | प्रभावित बालबालिकालाई अधिकतम सेवा पुग्ने संख्या | ३० | | तुलनात्मक रुपले संख्या वढी भएकोलाई प्राथमिकतामा राखिने |
| २ | स्थानीय तहले लागत साझेदारी गर्न प्रतिवद्धता व्यक्त गरेको साझेदारीको हिस्सा | २५ | | |
| ३ | कार्यक्रमले समेट्न सक्ने कार्यक्षेत्र (म.न.पा २०, न.पा. १५, गा.पा.१०) | २० | | |
| ४ | जग्गा/भवन आदि पूर्वाधारको उपलब्धता | १५ | | |
| ५ | चालु आर्थिक वर्षमा सोही प्रयोजनका लागि अन्य  कुनै श्रोतबाट स्थानीय तहलाई अनुदान प्राप्त हुने अवस्था | १० | | |
| जम्मा | | १०० | | |

**खण्ड (ख)**

स्थानीय तहसँगको सहकार्यमा श्रमिक बालबालिकाको लागि अस्थायी सिकाई केन्द्र स्थापना तथा सञ्चालनका लागि प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र.सं | सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | श्रमिक बालबालिकाको संख्या | ३० | | |
| २ | स्थानीय तहले लागत साझेदारी गर्न प्रतिवद्धता व्यक्त गरेको साझेदारीको हिस्सा | २५ | | म.न.पा २५, न.पा. २०, गा.पा.१५ |
| ३ | जग्गा/भवन आदि पूर्वाधारको उपलब्धता | २० | | |
| ४ | कार्यक्रमले समेट्न सक्ने कार्यक्षेत्र (म.न.पा २०, न.पा. १५, गा.पा.१०) | १५ | | |
| ५ | चालु आर्थिक वर्षमा सोही प्रयोजनका लागि अन्य कुनै श्रोतबाट अनुदान प्राप्त हुने अवस्था | १० | | |
| जम्मा | | १०० | | |

**अनुसूची –५**

**(दफा १२ (१) सँग सम्बन्धित)**

## स्थानीय तहसँगको सहकार्यमा सडक बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा श्रमिक बालबालिकाको लागि अस्थायी सिकाई केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी

### कार्यक्रम सम्झौताको ढाँचा

सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश (जसलाई यसपछि पहिलो पक्ष भनिने छ) र श्री ............................ ............................ (जसलाई यसपछि पहिलो पक्ष भनिने छ) बीच मिति २०७५/ / मा आ.व. २०७५/०७६ को वार्षिक कार्यक्रममा समावेश भएको स्थानीय तहसँगको सहकार्यमा सडक बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा श्रमिक बालबालिकाको लागि अस्थायी सिकाई केन्द्र स्थापना तथा सञ्चालन गर्न भएको सम्झौता पत्र ।

### प्रथम पक्षले पालना गर्नुपर्ने शर्तहरुः

१. गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय मार्फत आ.व. २०७५/०७६ को बार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनका सन्दर्भमा **स्थानीय तहसँगको सहकार्यमा सडक बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा श्रमिक बालबालिकाको लागि अस्थायी सिकाई केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यक्रम तर्फको** रु. ............................| (अक्षरुपी ............................ मात्र ।) सडक बालबालिकाको लागि पुनर्स्थापना केन्द्र/ श्रमिक बालबालिकाको लागि अस्थायी सिकाई केन्द्र स्थापना तथा संचालनका लागि दोस्रो पक्षको बैंक खातामा निकासा गरी उपलब्ध गराउनेछ ।

२. सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशबाट कार्यक्रमको सन्दर्भमा प्राप्त नीति निर्देशनहरु प्रथम पक्षले दोस्रो पक्षलाई समयमा जानकारी गराउनेछ ।

३. कार्यप्रगति तथा अनुगमन प्रतिवेदनका आधारमा अनुदान रकम बढी दुई किस्तामा उपलब्ध गराउने छ ।

४. प्रथम पक्षले कार्यक्रमको अनुगमन गर्दा आवश्यक राय सुझाव दिन सक्नेछ ।

५. दोस्रो पक्षले सम्झौतामा उल्लेख भएका गरेका शर्तहरुमा कमजोरी देखिएमा सुधारका लागि निश्चित अवधि तोक्नेछ ।

६. दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेमा कुनैपनि समयमा प्रथम पक्षले सम्झौता रद्द गर्न सक्नेछ ।

७. यो सम्झौता २०७६ असार मसान्तसम्म लागू हुनेछ ।

८. पहिलो किस्ता (५० प्रतिशत) उपलब्ध गराई सकेपछि बाँकी रकम निकासा गर्दा कार्यप्रगतिका आधारमा निकासा गर्नेछ ।

## दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरु

1. सम्झौता वमोजिमको कार्य सम्झौता भए पश्चात् तुरुन्त प्रारम्भ गर्नेछ ।
2. कार्यक्रम प्रारम्भ भएको जानकारी प्रथम पक्षलाई गराउनु पर्नेछ ।
3. यो सम्झौता २०७६ असार मसान्तसम्म लागू हुनेछ । तोकिए वमोजिमको समयावधिभित्र कार्य सम्पन्न हुन नसकेमा प्रथम पक्षले सो वापतको खर्च निकासा गर्नुपर्ने छैन ।
4. प्रथम पक्षले दिएको मार्गदर्शनलाई संचालन प्रक्रियामा समावेश गर्दै जानेछ ।
5. दोस्रो पक्षले प्राप्त गरेको अनुदान रकमको खर्चको लेखा राख्ने र लेखा परीक्षण प्रचलित कानून वमोजिम गर्ने गराउने र सोको विवरण तथा प्रगति प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्ने ।

दोस्रो पक्षको तर्फबाट

नामः कार्यालयको छापः

पदः

दस्तखतः

मितिः

प्रथम पक्षको तर्फबाट

नामः

पदः संस्थाको छापः

दस्तखतः

मितिः

# अनुसूची –६

(दफा १४ (२) सँग सम्बन्धित)

## कार्यक्रम अनुगमन प्रतिवेदनको ढाँचा

पुनर्स्थापना/अस्थायी सिकाई केन्द्रको नाम र ठेगानाः

कार्यक्रमको नामः

उपलब्ध गराइएको रकम रु................................ (अक्षरमा ……………………………….)

रकम उपलब्ध गराइएको मितिः

कार्यक्रम शुरु मिति..................

कार्यक्रम सम्पन्न मिति.................

कार्यक्रम संचालनमा देखिएका समस्या, समाधानका उपाय र गरिएका प्रयासहरुः

सुझावहरुः

कार्यक्रम संचालन गर्ने स्थानीय तहको राय प्रतिक्रियाः

अनुगमनकर्ताको रायः

स्थानीय तहको तर्फवाट

नामः............................... पदः ........... हस्ताक्षरः .................

नामः............................... पदः............. हस्ताक्षरः...................

नामः............................... पदः............. हस्ताक्षरः..................

स्थानीय तहको छाप

अनुगमनकर्ताः

नामः पदः हस्ताक्षरः

मितिः